पुर्चौडी नगरसभाको १९ औं अधिवेशन

नगर प्रमुख **श्री दीपक बहादुर बम** ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३।०८४ को

# वार्षिक नीति तथा कार्यक्रम

# पुर्चौडी नगरपालिका

## हाट, बैतडी

२०८३ असार १० गते बुधबार

"समृद्ध पुचौंडी नगर निर्माणको मुल आधारः सवल, सक्षम, दिगो शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

यस पुचौंडी नगरपालिका नगर उपप्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, नगर सभाका सचिव एवं प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी साथीहरू,

सर्वप्रथम, यस नगरसभाको १९ औँ अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अवसरमा, म नेपालमा प्रजातन्त्रको स्थापना देखी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म विभिन्न समयमा भएका आन्दोलन र संघर्षमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको कठिन परिस्थितीमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु । त्यसैगरी गत भदौ २३ र २४ गते भएको आन्दोलनमा सहिद हुने सम्पूर्णमा गहिरो श्रद्धान्जली व्यक्त गर्दछु साथै सो आन्दोलनमा घाइते हुने सम्पूर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात कार्यकालको चार वर्ष व्यतित भईसकेको छ । हामीले निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परिक्षाको मोडमा छौँ। आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोँचेको र जनताको अपेक्षा सम्बोधन हुन सक्दछ । सर्वोपरी विकासले मात्र पुचौंडी नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला, तसर्थ त्यसतर्फ हाम्रा पाईलाहरू अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरू,**

नेपालको सोह्रौँ योजना, नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, दीगो विकास लक्ष्य, सुदुरपश्चिम प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शन साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाको आवधिक योजना र जेनजी आन्दोलनको भावनालाईसमेत समावेश गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेका छौँ।

## पूर्वाधार विकास

- नगरपालिका केन्द्रबाट वडा कार्यालयसम्म पुग्ने सडकको स्तरोन्नति गरिनेछ । स्थानीय तहका सडकको मापदण्ड तर्जुमा गरी लागू गरिनेछ । नगरपालिका अन्तरगतका

सडकहरूको नामाकरण गरिनेछ। सडकहरूलाई सुरक्षित, दीगो र भरपर्दो बनाउन नगर सडक गुरूयोजना तर्जुमा गरिनेछ।

- आगामी आर्थिक वर्षमा स्थानीय भवन संहिता तर्जुमा गरी लागू गरिने छ। नगरपालिका क्षेत्रमा निर्माण हुने सरकारी, निजी तथा व्यावसायिक भवनको नक्सापास गर्ने कामलाई अनिवार्य गरिनेछ।

- यस नगरपालिका भित्र रहेका धार्मिक सांस्कृति र पर्यटकीय स्थलहरूको सूची बनाई त्यसको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरिने छ।

- अभियानको रुपमा थालनी गरिएको उज्यालो पुचौंडी बनाउने कार्य अन्तरगत नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय विधुत प्रशारण लाइनमा जोडि सबै वडालाई विद्युत सेवामा आवद्ध गरिने छ।

## सामाजिक विकास

### शिक्षा क्षेत्र

- यस नगरपालिका भित्रका सम्पूर्ण बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ। विद्यालयको भौतिक पूर्वाधारलाई थप सुदृढ बनाईने छ। विद्यालयहरूमा डिजिटल प्रविधिको विकास र विस्तारलाई प्राथमिकता दिइनेछ। शिक्षकहरूको क्षमता विकास, शिक्षणका नविनतम विधि, प्रविधि र नेतृत्व क्षमता विकासको लागि तालिमहरू सञ्चालन गरिने छ।

- विद्यालयहरूको नगर शिक्षक, वालविकास र कक्षा ११ र १२ मा निःशुल्क शिक्षाको कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगर शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ। नगरपालिका भित्र उच्च शिक्षा दिँदै आएका क्याम्पसमा शैक्षिक गुणस्तर सुधारका लागि विगतदेखि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

- आजको सूचना र सञ्चार प्रविधिको युगमा समय सापेक्षित शैक्षिक गुणस्तर हासिल गर्न सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार गरिनेछ। नगर स्वयम्सेवक शिक्षकहरूलाई निरन्तरता दिइनेछ। स्थानीय विषयको पाठ्यपूस्तक निर्माण गरी विद्यालयहरूलाई उपलब्ध गराइनेछ।

पचौंडी नगरपालिका

- विद्यालयहरूमा खेलकुदलाई स्वास्थ्य तथा पठनपाठनको अभिन्न अङ्गको रुपमा विकास गर्न राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडिहरू उत्पादन गर्ने नीति लिइनेछ ।

**स्वास्थ्य क्षेत्र**

- यस नगरपालिकाका नागरिकलाई नि:शुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गरिनेछ । परम्परागत स्वास्थ्य सेवा प्रणालीलाई समयानुकूल सुदृढ तथा परिमार्जन गर्दै प्रविधि मैत्री स्वास्थ्य सेवा प्रणालीमा स्तरोन्नति गर्दै लगिनेछ । नागरिकको आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्दै आकस्मिक स्वास्थ्य सेवाको निरन्तरता तथा विस्तार गरिनेछ ।

- नसर्ने रोगको बढ्दो प्रकोप दरलाई मध्यनजर गर्दै नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्रवर्द्धनात्मक र प्रतिकारात्मक कार्यक्रम सञ्चालन गरिनेछ । मातृ तथा नवशिशु आकस्मिक पोषण कोषलाई निरन्तरता प्रदान गरिनेछ । मातृ तथा नवशिशु स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न बर्थिंङ्ग सेन्टरहरूको सेवा सुदृढीकरण र समायोजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

- सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा विपन्न तथा गरिब सुमादायमा प्रजनन् स्वास्थ्य, परिवार नियोजन तथा अन्य जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

- वृहत स्वास्थ्य शिविर सञ्चालन गरी आम नागरीकलाई निशुल्क विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिनेछ । आँखा उपचार केन्द्रको सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाइनेछ । निरन्तर औषधी सेवन गरिरहेका जेष्ठ नागरिक तथा दीर्घ रोगीहरूका लागि औषधी उपचार सहायता प्रदान गरिनेछ । नगरपालिका सबै वडाहरूमा रहेका बर्थिङ्ग सेन्टर तथा स्वास्थ्य सेवा ईकाइहरूबाट प्रवाह हुने सेवालाई सुदृढीकरण गरिनेछ । आयुर्वेद स्वास्थ्य सेवाको पँहुच र उपभोग बढाउन आवश्यक स्रोतको परिचालन तथा व्यवस्थापन गरिनेछ । साथै आयुर्वेद सेवा केन्द्रलाई सुदृढीकरण गरिनेछ ।

**सामाजिक समावेशीकरण**

- अधिकतम नागरिकहरू जमघट हुने सार्वजनिक स्थलहरूमा सार्वजनिक शौचालय, धारा एवम् प्रतिक्षालयहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिनइनेछ।

- बालबालिकाहरूको सर्वाङ्गिण विकासका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । बालबालिकाहरूको हकहितको प्रवर्द्धन गर्न, उनीहरूमा नेतृत्व क्षमता विकास गर्न प्रत्येक वडामा वडा स्तरीय बाल सञ्जाल पुनर्गठन तथा परिचालन गरिनेछ।

- महिला सशक्तीकरणको लागि विविध क्रियाकलाहरू सञ्चालन गरिनेछ। अपाङ्ग, दलित तथा विपन्न महिलाहरूका लागि आयमा आधारित सिप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## न्यायिक समिति

- भन्ने मान्यतालाई आत्मसात् गर्दै यस "ढिलो न्याय दिनु न्याय नदिनु सरह हो" नगरपालिकाको न्यायिक समितिलेशुरूदेखि नै निरन्तर रूपमा जनतालाई छिटो, छरितो, निष्पक्ष न्याय सम्पादनका लागि प्रयत्न गर्दै आएको छ। न्यायको खोजीमा नागरिकहरूले नगरपालिकाको केन्द्रसम्म धाउनुपर्ने र ठुलो रकम खर्चनुपर्ने बाध्यतालाई अन्त्य गर्न आगामी वर्ष वडा तहबाटै सेवा प्रवाह गर्ने गरी **"घरदैलोमै न्याय"** नीति लिइनेछ।

- समाजमा हुने विवादहरूलाई दुवै पक्षको जीत )Win-Win) हुने गरी स्थानीय स्तरमै मेलमिलापको माध्यमबाट समाधान गर्न **"मेलमिलाप पहिलो विकल्प"** नीतिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- गरिब, असहाय, महिला, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रका नागरिकहरू न्याय पाउनबाट बञ्चित नहोऊन् भन्नका लागि नगरपालिकामा **"निःशुल्क कानुनी सहायता र सुलभ न्याय"** नीति अवलम्बन गरिनेछ।

## आर्थिक विकास

### कृषि तथा पशुपन्क्षी

- किसानको पहिचान स्थापित गर्नको लागि कृषक परिचय पत्र वितरणको कार्यक्रम सुरुवात गरिनेछ। "एक टोल एक करेसा बारी" को नीति अबलम्बन गर्दै उत्पादन अर्गानिक तरकारी मिनिकिट कृषकहरूलाई गर्न, टनेल तथा प्राविधिक सहयोग प्रदान गरिनेछ।

- प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाका निश्चित स्थानहरू तोकेर प्राङ्गारिक र रैथाने खेतीको उत्पादन, प्रवर्द्धन र ब्राण्डिङ गरिनेछ ।
- पशुपन्क्षी जन्य रोग र माहामारी खोप नियन्त्रणको लागी पशुपन्क्षी प्रयोगशालालाई व्यवस्थित गरिनेछ । यस नगर क्षेत्र भित्रका घरपालुवा तथा छाडा छोडिएका सबै कुकुरहरूमा रेबिज बिरुद्धको खोप लगाइने  छ ।
- पशु चौपायाहरूमा देखिएको लम्पी स्किन डिजिज जस्ता महामारीहरूको निवारण गर्न आवश्यक आर्थिक राहत तथा प्राविधिक सहयोगको व्यवस्था गरिनेछ ।

## उद्योग व्यापार, उद्यमशीलता र रोजगारी

- स्थानीय सिप प्रवर्द्धन तथा थप दक्षताको लागि नगरबासीहरूमा भएका विद्यमान सिपहरूको सूचीकरण गरिनेछ । मागमा आधारित विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिनेछन । नगरपालिकाभित्र सञ्चालित उद्योग, व्यापारिक फर्म तथा पसलहरू व्यवस्थित तवरले सञ्चालन गर्न नगर स्तरीय उद्योग वाणिज्य संघ गठन गर्न जोड दिइनेछ ।
- युवा तथा विद्यार्थीहरूलाई डिजिटल तथा एआइ सम्बन्धी अभिमुखीकरण गरिनेछ । डिजिटल मार्केटिङ र कन्टेन्ट क्रियसन सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई विदेश जानुपूर्व श्रम स्वीकृति सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ । बेरोजगार व्यक्तिहरूको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।
- नगरभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको ज्ञान, सिप र प्रविधि समेटिएको व्यवस्थित  वडागत तथ्याङ्कको अभिलेखीकरण गरिनेछ ।
- श्रम रोजगार, सीप तथा उद्यमशीलताको एकीकृत सेवा प्रवाह सुनिश्चित गर्न स्थानीय रोजगार सेवा केन्द्रलाई **'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'** का रूपमा रूपान्तरण गरी प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

- श्रम स्वीकृति, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजगार सम्बन्धी विषयमा स्थानीय तहबाट सहजीकरण गरिने सेवाहरू रोजगार, सीप तथा उद्यमशीलता केन्द्र' मार्फत सहज एवम् प्रविधिमैत्री बनाइनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

- सामुदायिक वन उपभोक्ता सामितिको सहभागितामा नर्सरी स्थापना, खाली स्थानमा फलफुल तथा औषधीय गुण भएका बिरुवा वृक्षारोपण तथा सदावहार घासखेतीको विकासका लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- सरोकारवाला निकायहरूसँगको समन्वयमा विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरूको स्थानान्तरण, विपद् पुर्वतयारी, खोज तथा उद्दार, राहत सामाग्रीको भण्डारण तथा वितरण गरिनेछ ।
- माहामारी लगायतका विभिन्न विपद् प्रतिकार्यका लागि प्रकोष व्यवस्थापन कोष स्थापना तथा आर्थिक सहायता कोष परिचालन गरिनेछ ।
- वडास्तरमा विपद व्यवस्थापन समितिको गठन गरी समुदायमा आधारित विपद जोखिम न्युनीकरण र व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछ । विपद् व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रम सोसाइटी, निजीक्षेत्र लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्थाहरूको सहकार्यलाई निरन्तर अगाडी बढाइनेछ । विपद व्यवस्थापन प्रतिकार्य योजनाको कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको बजारक्षेत्रमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ साईट निर्माणको लागि विस्तृत अध्ययन गरिनेछ ।

**सुशासन तथा संस्थागत क्षमता विकास**

- भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिइनेछ । सेवा प्रवाहमा हुने ढिलासुस्तीलाई हटाउन अनुगमन तथा ट्र्याकिङ्ग प्रणाली लागू गरिनेछ । अनलाईन प्रणालीबाट दिने सेवालाई प्रभावकारी बनाउन सबै वडामा निरन्तर र गुणस्तरीय इन्टरनेटको प्रवन्ध मिलाइनेछ । संस्थागत सुशासनका लागि स्थानीय तह अन्तरगतका सबै कार्यालयमा विद्युतीय हाजिरीलाई अनिवार्य गरिनेछ । कार्यालयमा हुने प्रशासनिक खर्चलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली लागू गरिने छ ।

- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित सुझावलाई कार्यान्वयन गरिनेछ भने बेरूजु फछ्यौंट गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विगत लामो समयदेखि ठेक्का व्यवस्थापन भएका तर दुईपटक वा सोभन्दा बढी म्याद थप गरिएका तथा आर्थिक दायित्व सिर्जना हुँदै नगरपालिकालाई अत्याधिक आर्थिक दायित्व परेका आयोजनाहरूको म्याद थप नगर्ने र प्रचलित कानून अनुसार हर्जाना लगाई कार्य सम्पन्न गराइनेछ ।
- नगरपालिकाको कार्यबोझ र जिम्मेवारीका आधारमा सबै वडा कार्यालय तथा सेवा केन्द्रहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी पदपूर्ति गरिनेछ । कर्मचारीहरूको कार्यक्षमता र कार्यसम्पादनका आधारमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>विविध</u>

- नगरपालिका भित्र रहेका सार्वजनिक र सरकारी जग्गा जमिनको एकिकृत तथ्याङ्क तयार गरिनेछ । सार्वजनिक र सरकारी जग्गाको संरक्षण गरिनेछ । साथै अतिक्रमित सरकारी तथा सार्वजनिक जमिन खाली गरिनेछ ।
- संघीय सरकारसँगको सहकार्यमा भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबास गरेका नागरिकहरूलाई जग्गाको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- नगरभित्र सञ्चालित व्यापार, उद्योग तथा अन्य व्यवसायहरूको दर्ता र नवीकरणलाई अनिवार्य गरिनेछ । नगरभित्रका सबै व्यापार व्यवसायको डिजिटल तथ्याङ्क तयार गरिनेछ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि घर वहाल कर, व्यवसाय कर, साथै अन्य क्षेत्रको करको दायरा बढाइनेछ । कर सचेतना तथा कर अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी कर संकलनको लागि Mobile Team परिचलन गरिनेछ ।
- नगरपालिकाका सबै वडा कार्यालयहरूमा अनलाईन मार्फत राजश्व संकलनका लागि राजश्व व्यवस्थापन प्रणाली (RMIS) कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- उपभोक्ताहरूको सहजताको लागि योजनाहरूको सम्झौता गर्न सम्बन्धित वडा कार्यालयहरूमा शिविर सञ्चालन गरिनेछ । उपभोक्ता समितिहरूको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी तथ्याङ्कहरू आवधिक रुपमा नवीकरण/संसोधन गर्न Finger Print Machine को व्यवस्था गरी सो सम्बन्धित वडा कार्यालयमा रहेका पञ्जिकाधिकारीहरूलाई अभिमुखीकरण गरिनेछ ।

**सम्मानित नगरसभाका सदस्यज्यूहरू,**

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनबाट यस नगरपालिकाका नागरिकहरूको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन हुने, रोजगारी सृजना, भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार हुने विश्वास लिएको छु । पुचौंडी नगरपालिकाले अघि सारेको प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमामा महत्त्वपूर्ण सहयोग गर्नु हुने आदरणीय नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जूमा समितिका सदस्यज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरपालिकाका विभिन्न शाखाका प्रमुख एवम् कर्मचारीहरू, सञ्चारकर्मी लगायत अमूल्य सुझाव सल्लाह दिनु हुने सम्पूर्ण नगरबासीहरू प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

दिपक बहादुर बम
नगर प्रमुख

*ई सं २०८३ साल असार १० गते रोज ४ शुभम् ।*

पुचौंडी नगरपालिका